मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

नक्टाझिज, धनुषा

# स्थापित कस्टम हायरिंग सेन्टर यन्त्र उपकरर्ण लो अप तथा मेशनरी सेड निर्माण कार्यक्रम सञ्चालन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/११/११

यस निर्देशनालयको आ. व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधी, २०७६" र "कस्टम हायरिंग सेन्टर स्थापना तथा सञ्चालन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधी, २०७७" बमोजिम आ.व. ०७७/०७८ मा कस्टम हायरिंग स्थापना गरेका मधेश प्रदेशका सहकारी संस्था/ चिनी उद्योगहरुले तपसिलका न्यूनतम लागत साझेदारीमा कार्यक्रम सञ्चालनको लागि मिति २०७८/११/२५ गते कार्यालय समय भित्र यस निर्देशनालयमा आईपुग्ने गरी खामबन्दी प्रस्ताव आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावलाई कार्यक्रम कार्यान्वयनमा समावेश गरिने छैन। यस सम्बन्धमा विस्तृत सूचना/जानकारी र प्रस्ताव/आवेदन पत्र यस निर्देशनालयको वेवसाईट add.p2.gov.np वाट प्राप्त गर्न सकिनेछ।

| सि. नं. | कार्यक्रमको नाम | लागत साझेदारी अनुदान सिमा | साझेदार |
|---|---|---|---|
| १ | स्थापित कस्टम हायरिंग सेन्टर यन्त्र उपकरण फ्लो अप कार्यक्रम | ५० - ७५% (उपलब्ध वजेट र कार्यविधीमा तोकिएको सिमा भित्र) | आ.व. २०७७/०७८ मा कस्टम हायरिंग स्थापना गरेका मधेश प्रदेशका सहकारी संस्था/चिनी उद्योगहरु |
| २ | स्थापित कस्टम हायरिंग सेन्टरमा मेशनरी सेड निर्माण | ५०% (अधिकतम रु. १२.५लाख सम्म) | |

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**कृषि विकास निर्देशनालय**
नक्टाझिज, धनुषा

सम्पर्क नं. ९८५४०२००६३
ईमेल : addprov2dhanusha@gmail.com
वेवसाईट: add.p2.gov.np

मिति २०७८/११/११

## स्थापित कस्टम हायरिंग सेन्टर यन्त्र उपकरण फलो अप र मेशनरी सेड निर्माण कार्यक्रम सञ्चालन सम्वन्धी सूचना

यस निर्देशनालयको आ. व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधी, २०७६ " र "कस्टम हायरिंग सेन्टर स्थापना तथा सञ्चालन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधी, २०७७" बमोजिम आ.व. ०७७/०७८ मा कस्टम हायरिंग स्थापना गरेका मधेश प्रदेशका सहकारी संस्था/ चिनी उद्योगहरुले तपसिलका न्यूनतम लागत साझेदारीमा कार्यक्रम सञ्चालनको लागि मिति २०७८/११/२५ गते कार्यालय समय भित्र यस निर्देशनालयमा आईपुग्ने गरी **यन्त्र उपकरण फलो अप र मेशनरी सेड निर्माण** कार्यक्रम सम्वन्धी छुटाछुटै आयोजना प्रस्ताव भरी **खामबन्दी** गरी आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावलाई कार्यक्रम कार्यान्वयनमा समावेश गरिने छैन । यस सम्बन्धमा थप जानकारी र आवेदा पत्रको ढाँचा यस निर्देशनालयको वेवसाईट add.p2.gov.np वाट प्राप्त गर्न सकिनेछ ।

**तपसिल**

**पेश गर्नुपर्ने कागजातहरु** (दुबै प्रस्तावको लागि)

१ अनुदान मांग गर्ने आवेदन फारममा (रु. १० को हुलाक टिकट टाँसेको हुनुपर्ने ।)

२ चिनी उद्योग/सहकारी संस्थाको दर्ता र नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि, स्थाई लेखा नं. को प्रमाण पत्रको प्रतिलिपि, आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा अख्तियारी पत्र, कस्टम हायरिंग सेन्टर संचालक समितिको निर्णय, प्रोपराईटर/पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि, लेखा परिक्षण तथा कर चुक्ता प्रमाण पत्र(पछिल्लो २ आ. व. सम्मको), आ.व. २०७७/७८ को कर चुक्ता नभएको हकमा आ.व. २०७६/७७ को कर चुक्ता र कर बुझाउने म्याद थप भएको प्रमणहरुको स्वः प्रमाणित प्रतिलिपिहरु ।

३. स्थापित कस्टम हायरिंग सेन्टरको लागि आ.व.०७७/०७८मा यस निर्देशनालयको अनुदानमा खरीद भएका कृषि यन्त्र उपकरणहरुको विवरण,कस्स्तम हायरिंग सेन्टर सञ्चालन सम्बन्धी कार्यविधी सहित उल्लेखित यन्त्र उपकरणहरु सम्बन्धित उधोग/सहकारी संस्थाको नाममा नामसारी भएको ब्लु बुकको फोटोकोपी प्रस्तावसंगै संलग्न गरी पेश गर्नुपर्नेछ ।

**क) स्थापित कस्टम हायरिंग सेन्टर यन्त्र उपकरण फलो अप कार्यक्रमको लागि आवश्यक पर्ने थप कागजातहरु :-**

अ. स्थापित कस्टम हायरिंग सेन्टर स्तरोंउन्नतीको लागि प्रस्ताव मांग गरेको कृषि यन्त्र/उपकरणहरुको प्राविधिक स्पेशिफिकेशन,सहित कुल लागत अनुमान सारांश विवरण) ।

आ. स्थापित कस्टम हायरिंगका लागि चाहिने यन्त्र/उपकरणको अनुमानित अधिकारिक ईन्जीनियरवाट लागत ।

इ. चिनी उद्योग/सहकारी संस्थाले अनुदान मांग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि ।

ई. स्थापित कस्टम हायरिंग सेन्टरवाट हाल सञ्चालन भएको व्यहोरा खुलेको स्थानीय तहको सिफारिस ।

उ. निर्देशनालयले आवश्यक देखेमा सम्बन्धित कृषि ज्ञान केन्द्र र स्थानीय तहवाट प्रस्तावित स्थलमा स्थापित कृषि कस्टम हायरिंग सेन्टर स्तरोंउन्नतीको गर्नुको आवश्यकता र औचित्य खुलेको छुटाछुटै सिफारिस पत्र पछि माग गर्न सक्नेछ ।

**ख) मेशनरी सेड निर्माण कार्यक्रमको लागि आवश्यक पर्ने थप कागजातहरु :-**

अ. स्थापित कस्टम हायरिंग सेन्टरको सेड निर्माणका लागि जग्गा(कम्तिमा ५ कठ्ठा)आफनै नाममा दर्ता भएको, कित्ता नं खुलेको विवरण र नक्सा ।

आ. अधिकारिक ईन्जिनियरवाट तयार पारिएको सक्कल विस्तृत लागत अनुमान,ड्रइंग डिजाइन ।

यस सम्बन्धी थप विवरण/कागजातहरु आवश्यक ठानेमा फिल्ड भिजिट पछि यस निर्देशनालयले पछि माग गर्न पनि सक्नेछ । दर्ता भएका प्रस्तावहरु कार्यालयमा खोलिएपछि कागजात अध्ययन गरी रीतपूर्वकका प्रस्तावहरुको स्थलगत निरिक्षण र मूल्याङ्कन गरिनेछ । सो प्रस्तावहरु छनौट गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस निर्देशनालयमा निहित्त हुनेछ । प्रस्ताव खोलिने मिति,स्थान र समय यस निर्देशनालयले पछि सुचना जारी गर्नेछ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस निर्देशनालयका कृषि अर्थ विज्ञ श्री बिकाश कुमार साह(मो.नं.९८४५२२३४९)मा सम्पर्क सकिनेछ ।

डा. रत्न कुमार झा
निमित्त प्रमुख

डा. रत्न कुमार झा
निमित प्रमुख